**प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी (पहिलो संशोधन) मापदण्ड तथा कार्यविधि, २०७५**

प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको मापदण्ड तथा कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी (पहिलो संशोधन) मापदण्ड तथा कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७५ को परिच्छेद ४ मा संशोधनः** प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७५ (यस पछि "मूल कार्यविधि" भनिएको) को परिच्छेद ४ को उपदफा (१) को सट्टा देहाय बमोजिमको उपदफा (१) राखिएको छः-
"

(१) प्रदेश निजामती सेवा पुरस्कारको लागि सिफारिस गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः-

(क) कुनै कार्यालय अन्तर्गतको उपयुक्त कर्मचारीलाई सिफारिस गर्दा सम्बन्धित कार्यालय प्रमुखले प्रत्येक वर्षको कार्तिक १५ गतेभित्र आफ्नो तालुक निकाय / विभाग / निर्देशनालय / सचिवालय / आयोग / मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्ने।

(ख) विभाग / निर्देशनालयले सो विभाग / निर्देशनालयका कर्मचारी तथा विभाग / निर्देशनालय अन्तर्गतका कार्यलय प्रमुख पदमा कार्यरत कर्मचारी तथा खण्ड (क) बमोजिम सिफारिस भई आएका कर्मचारी मध्येबाट सो विभाग / निर्देशनालयको प्रमुखले निर्णय गरी प्रत्येक वर्षको कार्तिक मसान्तभित्र आफ्नो तालुक सचिवालय / आयोग / मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्ने।

(ग) देहायको कर्मचारीलाई सिफारिश गर्ने प्रयोजनको लागि सम्बन्धित सचिवालय / आयोग / मन्त्रालयको सचिवले निर्णय गरी प्रत्येक वर्षको कात्तिक मसान्तभित्र छुट्टै सूची तयार गर्नु पर्नेः-

(१) सम्बन्धित सचिवालय / आयोग / मन्त्रालयमा कार्यरत कर्मचारी,

(२) सम्बन्धित सचिवालय / आयोग / मन्त्रालय अन्तर्गतको विभाग / निर्देशनालयको प्रमुख पदमा कार्यरत कर्मचारी,

(३) सम्बन्धित सचिवालय / आयोग / मन्त्रालय अन्तर्गत रहेको तर कुनै पनि विभाग / निर्देशनालय अन्तर्गत नरहेको कार्यालयको प्रमुख पदमा कार्यरत रहेको,

(४) सम्बन्धित सचिवालय / आयोग / मन्त्रालय तथा अन्तर्गतको निकायमा कार्यरत कुनै कर्मचारीले आफू पुरस्कारको लागि योग्य भएको दावी गरी परिच्छेद ५ को उपदफा (४) बमोजिमको आधार पूरा गरेको प्रमाणित हुने कागजात सहित कात्तिक मसान्तभित्र निवेदन दिएमा त्यस्तो कर्मचारी ।

(घ) सम्बन्धित सचिवालय / आयोग / मन्त्रालयले खण्ड (क) र (ख) बमोजिम प्राप्त सिफारिश तथा खण्ड (ग) बमोजिम तयार गरेको सूचीमा परेको निजामती कर्मचारी मध्येबाट पुरस्कारको लागि सिफारिश गर्नु अघि देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(१) खण्ड (क) र (ख) बमोजिम सम्बन्धित निकाय तथा पदाधिकारीबाट सिफारिश भई आएको तथा खण्ड (ग) बमोजिम तयार गरिएको सूचीमा परेको कर्मचारीको सम्बन्धमा प्रतिक्रिया वा उजूरी दिने प्रयोजनका लागि कम्तीमा १५ दिनको म्याद दिई त्यस्ता कर्मचारीको नाम मंसिर १५ गतेभित्र सो सचिवालय / आयोग/ मन्त्रालयको वेभसाइट वा सूचना पाटीमा प्रकाशन गर्ने,

(२) उपखण्ड (१) बमोजिमको म्यादभित्र कुनै प्रतिक्रिया वा उजूरी प्राप्त भएमा त्यस्तो प्रतिक्रिया वा उजूरीको सम्बन्धमा सम्बन्धित सचिवालय / आयोग / मन्त्रालयको सचिवले छानबीन गरी पुरस्कारको लागि उपयुक्त ठहरिएको कर्मचारीको नाम परिच्छेद ३ को उपदफा (७) बमोजिमको संख्यामा नबढने गरी पुरस्कारको लागि पौष १५ गतेभित्र समिति समक्ष सिफारिश गर्नुपर्ने,

(३) पुरस्कारको लागि सिफारिश गर्दा कुन पुरस्कारको लागि सिफारिश गरिएको हो स्पष्ट खुलाई पठाउनु पर्ने,

(४) उपखण्ड (२) बमोजिमको पुरस्कारको लागि समिति समक्ष सिफारिश गरिएको कर्मचारीको नाम सम्बन्धित सचिवालय / आयोग / मन्त्रालयको वेभसाइट र सूचनापाटीमा प्रकाशन गर्ने।

(ङ) सचिवको पदमा कार्यरत कर्मचारीको नाम पुरस्कारका लागि सिफारिश गरी पठाउँदा प्रदेश सरकारको प्रमुख सचिवले कुन पुरस्कारको लागि सिफारिश गरिएको सो कुरा स्पष्ट खुलाई पौष १५ गतेभित्र समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(च) समितिले पौष मसान्तभित्र यस कार्यविधि बमोजिमको पुरस्कार पाउने कर्मचारीको नाम छनौट गर्नु पर्नेछ।

(छ) समितिले सर्वोत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कारको लागि सिफारिश गरेको तथा खण्ड (ङ) बमोजिम प्रमुख सचिवले सिफारिश गरेको सचिवस्तरको कर्मचारीको सम्बन्धमा प्रतिक्रिया तथा उजूरी गर्ने प्रयोजनको लागि कम्तीमा १० दिनको म्याद दिई त्यस्तो कर्मचारीको नाम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेभसाइट र सूचनापाटीमा सार्वजनिक गर्नु पर्नेछ।

(ज) खण्ड (छ) बमोजिमको म्यादभित्र प्रतिक्रिया वा उजूरी प्राप्त भएमा त्यस्तो प्रतिक्रिया वा उजूरीको सम्बन्धमा आवश्यक छानवीन समेत गरी समिति आफैले निर्धारण गरेको उपयुक्त प्रक्रिया अपनाई पुरस्कार पाउने कर्मचारीको नाम छनौट गर्नु पर्नेछ।

(झ) पहिलो पटकको प्रदेश निजामती सेवा पुरस्कार प्रदान गर्ने प्रयोजनका लागि खण्ड (क) देखि खण्ड (ज) सम्मका व्यवस्थाहरु लागू हुने छैनन् र विभिन्न मन्त्रालयहरुबाट प्राप्त सिफारिशलाई आधार मानी समितिले प्रदेश निजामती सेवा पुरस्कारका लागि सिफारिश गर्न सक्नेछ।"

३. **<u>मूल कार्यविधिको परिच्छेद ५ मा संशोधनः</u>** मूल कार्यविधिको परिच्छेद ५ को उपदफा (१) को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) कम्तीमा राजपत्रांकित प्रथम श्रेणीबाट सेवा निवृत्त भएको व्यक्ति मध्येबाट प्रदेश सरकारले तोकेको व्यक्ति- सदस्य "

(२) दोस्रो प्रतिबन्धात्मक वाक्यांशलाई (१क) नम्बर दिइएको छ ।

(३) उपदफा (१क) को खण्ड (ख) र (ग) का सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्:-

"(ख) आन्तरिक मामिला तथा कानून मन्त्री - सदस्य

(ग) प्रदेश लोक सेवा आयोगका अध्यक्ष वा निजले तोकेको आयोगका सदस्य - सदस्य"

४. **<u>मूल कार्यविधिको परिच्छेद ६ मा संशोधनः</u>** मूल कार्यविधिको परिच्छेद ६ को उपदफा (२) को अन्तमा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर पहिलो पटकको प्रदेश निजामती सेवा पुरस्कार प्रदेश सरकारले तोकेको उपयुक्त दिनमा घोषणा गर्न सक्नेछ। "